annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३४ पृष्ठ ८ | काठमाडौं, बुधबार २६ भदौ २०८१ | भाद्र शुक्लपक्ष अष्टमी नेपाल संवत ... 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# जसको सफलताबाट गौरवान्वित छ देश







पछिल्लो समय नेपाली खेलकुदले खुसी मनाउने एउटा गर्विलो अवसर पाएको छ । पेरिस पारालिम्पिकमा पलेसा गोवर्द्धनले कांस्य पदक जितेपछि खेलकुद क्षेत्र मात्रै होइन, समग्र देशले खुसी मनाइरहेको छ । 'नेपालले पनि पदक जित्न सक्छ र !' भन्ने सोचलाई परिवर्तन गर्दै 'हामीसँग पनि ओलम्पिक पदक छ' भनेर पलेसाले प्रमाणित गरिदिएकी छन् । यो चानचुने उपलब्धि होइन । ओलम्पिक अभियानमा सहभागी जनाउन थालेको ६ दशकपछि देशले पाएको अहिलेसम्मको ठूलो उपलब्धि हो ।

समाचार पृष्ठ २

विष्णु थापा | काठमाडौं
– को रिपोर्ट

## अन्नपूर्ण मिडिया नेटवर्क र बीसीसीएलबीच साझेदारी

**काठमाडौं** (अन्नपूर्ण) : अन्नपूर्ण मिडिया नेटवर्क (एएमएन) ले भारतको सबैभन्दा ठूलो मिडिया समूह टाइम्स अफ इन्डिया अन्तर्गतको बेनेट एन्ड कोलम्यान कम्पनी लिमिटेड (बीसीसीएल) सँग साझेदारी गरेको छ।

सम्झौताअनुसार अन्नपूर्ण मिडिया नेटवर्कले बीसीसीएलका प्रकाशन, वेब प्लेटफर्म र अन्य माध्यमका लागि नेपालबाट सबै विज्ञापन संकलन गर्ने छ। यस्तै, बीसीसीएले पनि आफ्नो क्रेताको रूपमा एएमएनलाई नियुक्त गरेको छ। जसले पारस्परिक सम्झौताको भागको रूपमा अन्नपूर्ण मिडिया नेटवर्कका प्रकाशन र विज्ञापनका लागि भारतबाट विज्ञापनहरू संकलन गर्ने छ। दुवै पक्ष नै प्रकाशक र क्रेताको रूपमा रहने गरी काम गर्न सहमत भएका हुन्।

उक्त साझेदारीका बारेमा बोल्दै एएमएनका महाप्रबन्धक मनोज बस्नेतले टाइम्स अफ इन्डियाको टोली र अन्तर्राष्ट्रिय बिक्री प्रमुख श्वेता अरोरालाई दोहोरो प्रतिनिधित्व सम्झौतामा सहजीकरण गरेकोमा धन्यवाद व्यक्त गरे।

## सरकारी कार्यालयमा सेयर कारोबार बन्द

सुरेन्द्र काफ्ले | काठमाडौं



सरकारले सबै सरकारी कार्यालयमा सेयर कारोबार गर्ने प्रणाली (टीएमएस) बन्द गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै मन्त्रालय, आयोग, सचिवालयलाई टीएमएस नचल्ने व्यवस्था गर्न निर्देशन जारी गरेको हो।

उसले स्थानीय तहका कार्यालयमा पनि टीएमएस नचल्ने व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत निर्देशन दिएको छ। सिंहदरबारका कर्मचारी सरकारी काममा भन्दा सेयर कारोबारमा व्यस्त हुन थालेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो।

अख्तियारले प्रधानमन्त्री कार्यालयलाई पत्र पठाइ सरकारी कार्यालयमा यस्तो काम रोक्न निर्देशन दिएको थियो। लगत्तै प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत देशभरका सरकारी कार्यालयमा टीएमएस नचलाउन निर्देशन दिएका थिए 'गुनासो र सम्बोधन' शीर्षकमा सरकारी कार्यालयमा बसेर सेयर बजारमा निजी कारोबार गर्नु कानुनी दृष्टिले पनि अमान्य हुने प्रधानमन्त्रीको भनाइ छ।

'यसले सरकारी कामकाजमा प्रतिकूल प्रभाव परेको छ र सेवाग्राहीको काम पनि प्रभावित भएको छ', प्रधानमन्त्री ओलीले भनेका छन्। उनले यही जनगुनासोलाई सम्बोधन गर्दै अब सरकारले देशभरिका सबै सरकारी कार्यालयमा सेयर कारोबार गर्ने प्रणाली(टीएमएस) प्रतिबन्ध लगाएको जनाएका छन्। उनले भनेका छन्, 'सबै मन्त्रालय, आयोग, सचिवालय, स्थानीय तहका कार्यालयमा टीएमएस नचल्ने बनाउने निर्देशन दिइएको छ। सरकारी कार्यालयमा अब सरकारी काम मात्र गर्न अनुरोध गर्दछु।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका प्रवक्ता सहसचिव प्रेमप्रसाद आचार्यले सरकारी र सार्वजनिक कार्यालयमा अब सेयर कारोबार गर्न नपाउने व्यवस्था गरिएको बताए। उनले प्रधानमन्त्री कार्यालयबाट टीएमएस नचलाउन लागि सबै मन्त्रालय, प्रदेश र स्थानीय तहमा परिपत्र गर्न पनि निर्देशन गरिएको जानकारी दिए।

» बाँकी पृष्ठ ६

## उपसभामुखलाई पद छाड्न दबाब

अन्नपूर्ण | काठमाडौं

पद अनुकूल आचरण नगरेको भन्दै सत्तासीन कांग्रेस-एमालेले उपसभामुख इन्दिरा रानामगरलाई पद छाड्न दबाब दिएका छन्। कांग्रेस र एमालेका सांसदहरूले प्रतिनिधिसभाको बैठकमै रानामगरलाई पदबाट राजीनामा दिएर मार्गप्रसस्त गर्न आग्रह गरेका छन्।

राजीनामा नदिए 'पद अनुकूलको आचरण नगरेको प्रस्ताव' संसद्बाट पारित गरेर बर्खास्त गर्ने सत्तापक्षको तयारी रहेको नेताहरू बताउँछन्। सोमबार बसेको सत्तासीन दलको बैठकमा उपसभामुख रानाविरुद्ध संसद्मा प्रस्ताव लैजाने विषयमा छलफल भएको नेताहरूले बताएका छन्। प्रतिनिधिसभा नियमावलीअनुसार संसद्का एकचौथाइ सदस्यले सभामुख वा उपसभामुखले पद अनुकूल आचरण नगरेको प्रस्ताव दर्ता गर्न सक्ने व्यवस्था छ। नियमावलीको नियम २१० अनुसार त्यस्तो प्रस्ताव दर्ता भएको ७ दिनभित्र संसद्मा छलफल गरी निर्णय लिनुपर्ने छ।



यस्तै नियमावलीको नियम २१२ मा दुईतिहाइबाट उक्त प्रस्ताव पारित भए सभामुख/उपसभामुख पदबाट स्वत: निलम्बन हुने व्यवस्था छ। सत्तासीन कांग्रेसले उपसभामुखको विषयमा छलफल गर्न पदाधिकारी बैठक नै बोलाएको छ। उपसभामुख रानामगर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की समानुपातिक सांसद हुन्।

उपसभामुख रानामगरविरुद्ध मानव तस्करीको आरोपमा साउन १ गते प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा उजुरी नै परेको थियो। ०७९ फागुन १४ मा अमेरिकाको एक कार्यक्रममा सहभागी हुन जान खोजेका पाँच जनालाई भिसाका लागि अन्तर्वार्ताको समय मिलाइदिन उपसभामुखको लेटरहेड प्रयोग गरेर अमेरिकी दूतावासलाई पत्र लेखेकी थिइन्।

०७९ साल फागुन २२ देखि चैत ३ गतेसम्म अमेरिकाको न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको संयन्त्र कमिसन अन द स्टाटस अफ वुमेनको ६७ औं सत्रमा भाग लिन जाने क्रममा उपसभामुखले असम्बन्धित व्यक्तिका लागि दूतावासमा पत्र लेखेकी थिइन्। जसमा चार जना पुरुष र एक जना महिला थिए। यी पाँचै जना यो कार्यक्रमसँग असम्बन्धित व्यक्ति हुन्। उपेन्द्र गौतम, सुष्मा लामा, राजेश लामा, सुजन घर्ती मगर र धनप्रसाद गुरुङ पनि जान लागेको भन्दै उनले काठमाडौंस्थित अमेरिकी दूतावासलाई पत्राचार गरेकी थिइन्। उनले आफूलाई तिनीहरूमध्ये एक जनाले विशेष आग्रह गरेकाले पत्र लेखेको स्पष्टीकरण दिँदै आएकी छन्।

» बाँकी पृष्ठ ६




Authorized Distributors of Samsung Mobile for Nepal
IMS Integrated Mobility Solutions | Him Electronics Pvt. Ltd.
Samsung Customer Care Center
NTC User: 166001-72667
Ncell User: 98015-72667
16600172667
facebook.com/SamsungNepal
instagram.com/SamsungNepal

#sponsored.

Image simulated. Color,make and model of the prize(s) are subject to availability. Actual may vary. Terms and conditions will apply. *10 winners to be selected per day as per terms and conditions. Please contact your nearest authorized retailer or check out (https://www.facebook.com/smartplazanepal/https://www.facebook.com/IMS.NP) for detailed information. The winners of the lucky draw will be announced on (https://www.facebook.com/smartplazanepal/https://www.facebook.com/IMS.NP) on 10th September, 13th September, 17th September, 20th September, 24th September, 27th September, 1st October, 4th October 8th October and 15th October, 2024. Cash cannot be claimed instead of the prize(s). The choice as to color, make and model of the prize(s) shall be completely at HIM Electronics and IMS discretion. Offers are provided by HIM electronics and IMS at their sole discretion and claims (if any) shall lie solely against HIM Electronics and IMS. Samsung is not responsible for any claims or dispute. Offers are subject to change without prior notice. Offers may be revised or withdrawn giving any reasons or prior notifications. Products, features and images shown above are for representational purpose only, actual may vary. All third party logos/ marks shown are registered/owned/licensed logos/marks of respective brand owners.